महाभारत गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
अनुगमन तथा मूल्याङ्कन समितिको अनुगमन प्रतिवेदन-२०८३

अनुगमन अवधिः (आर्थिक वर्ष २०८२/८३)

अनुगमन समितिः गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति

महाभारत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय देवीटार, काभ्रेपलाञ्चोक

## १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले महाभारत गाउँपालिकाका विभिन्न वडाहरूमा सञ्चालित विकास निर्माण, सेवा प्रवाह र सामाजिक-आर्थिक कार्यक्रमहरूको स्थलगत अनुगमन गरी यो प्रतिवेदन तयार पारेको हो। यस प्रतिवेदनले पालिकाको सन्तुलित विकास र सुशासनलाई जोड दिएको छ।

## २. अनुगमन गरिएका मुख्य सर्वपक्षीय क्षेत्रहरू र वस्तुस्थिति

अनुगमन समितिले पालिका भित्रका योजनाहरूलाई निम्न ५ वटा मुख्य क्षेत्र (Sectors) मा विभाजन गरी अनुगमन गरेको छः

### क) पूर्वाधार विकास क्षेत्र (Infrastructure Development)

- **सडक तथा यातायातः** महाभारत गाउँपालिका जोड्ने मुख्य पहुँच मार्ग तथा भित्री ग्रामीण सडकहरूको स्तरोन्नति (सोलिङ, ग्राभेल, नाला निर्माण) को प्राविधिक गुणस्तर।
- **भवन तथा सहरी विकासः** वडा कार्यालयका भवनहरू, स्वास्थ्य चौकी र विद्यालयका निर्माणाधीन भवनहरूको भौतिक प्रगति।
- **सिँचाइ तथा नदी नियन्त्रणः** कृषियोग्य जमिनमा सिँचाइ कुलो निर्माण र पहिरो नियन्त्रणका लागि लगाइएका ग्याबियन पर्खालहरूको अवस्था पन्यास नभएको।

### ख) सामाजिक विकास क्षेत्र (Social Development)

- **शिक्षाः** विद्यालयहरूको भौतिक पूर्वाधार, खानेपानी तथा शौचालयको सुविधा, र डिजिटल सिकाई (ICT) को अवस्था सन्तोषजनक रहेको।
- **स्वास्थ्य र सरसफाइः** स्वास्थ्य चौकीहरूमा औषधि र उपकरणको उपलब्धता, खोप कार्यक्रम, र सुरक्षित मातृत्व सेवाको प्रभावकारिता।
- **खानेपानीः** "एक घर, एक धारा" अभियान अन्तर्गतका खानेपानी आयोजनाहरूको काम र पानीको मुहान संरक्षण।

### ग) आर्थिक विकास क्षेत्र (Economic Development)

- **कृषि तथा पशुपालनः** गाउँपालिकाद्वारा वितरित अनुदान (बिउबिजन, हाते टयाक्टर, गोठ सुधार) को लक्षित वर्गसम्म पहुँच र सदुपयोग।

### घ) सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह (Governance & Service Delivery)

- **वडा कार्यालयको सेवाः** वडा कार्यालयहरूबाट नागरिकलाई दिइने सेवाको चुस्तता, सिफारिस प्रक्रिया, र डिजिटल बैंकिङ प्रणालीको प्रयोग।
- **उपभोक्ता समिति परिचालनः** उपभोक्ता समितिहरूको गठन प्रक्रिया, अभिलेख व्यवस्थापन, र सार्वजनिक परीक्षण (Public Hearing) को अभ्यास रहेको।

### ङ) वातावरण तथा विपद् व्यवस्थापन (Environment & Disaster Management)

- **विपद् पूर्वतयारीः** वर्षातको समयमा खस्ने पहिरो र अवरुद्ध हुने सडक खुलाउन पालिकाको तयारी र हेभी इक्विपमेन्ट (जेसीबी) को उपलब्धता रहेको भए तापनि सञ्चालनमा नरहेको ।
- **वातावरणीय प्रभावः** विकास निर्माण (विशेष गरी सडक खन्दा) वातावरणमा परेको असर कम गर्नक वृक्षारोपणको कार्यक्रम सञ्चालन गरेको अवस्था।

महाभारत गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवीटार, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल

३. अनुगमनको उद्देश्य

१. योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भए/नभएको मूल्याङ्कन गर्ने।
२. सार्वजनिक स्रोत तथा साधनको मितव्ययी उपयोग भए/नभएको परीक्षण गर्ने।
३. सेवा प्रवाह तथा सुशासनको अवस्था मूल्याङ्कन गर्ने।
४. गुणस्तर, पारदर्शिता तथा जवाफदेहिताको सुनिश्चितता गर्ने।

४. अनुगमनको आधार

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७
- गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम
- स्वीकृत योजना तथा बजेट

५. स्थलगत अवलोकनबाट प्राप्त तथ्य

| विषय | विवरण |
|---|---|
| योजना स्थलमा सूचना पाटी राखिएको/नराखिएको | कुनै कुनै आयोजना बाहेक अरुमा राखिएको |
| उपभोक्ता समिति गठनको अवस्था | उपभोक्ता समिति गठन गरी कार्यान्वयनमा रहेका |
| सम्झौता बमोजिम कार्य भएको/नभएको | भएको |
| गुणस्तरको अवस्था | मध्यम देखि राम्रो |
| श्रम तथा सामग्री प्रयोगको अवस्था | सम्भव भए सम्म स्थानीय श्रम तथा सामग्रीको प्रयोग गरेको |
| कार्य सम्पन्नताको अवस्था | सम्पन्न भएको |
| समुदायको सहभागिता | मध्यमस्तर |

<u>वित्तीय परीक्षण</u>

| परीक्षण क्षेत्र | अवस्था | कैफियत |
|---|---|---|
| लागत अनुमान स्वीकृत | स्वीकृत | |
| सम्झौता भएको | भएको | |
| बिल तथा भरपाई व्यवस्थित | भएको | |
| भुक्तानी प्रक्रिया कानुनसम्मत | भएको | |
| लेखा अभिलेख अद्यावधिक | भएको | |

७. सुशासन तथा पारदर्शिता सम्बन्धी अवस्था

| सूचक | अवस्था |
|---|---|
| नागरिक सूचना पाटी | व्यवस्थित |
| सार्वजनिक सुनुवाइ | नभएको |
| सामाजिक परीक्षण | नभएको |
| गुनासो व्यवस्थापन | भएको |
| सूचना प्रवाह | राम्रो |

## आर्थिक वर्ष २०८२/०८३ को अनुगमन प्रतिवेदन

| सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | स्रोत | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति प्रतिशतमा | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सोला सहान गोकुले सडक | महाभारत – १ | संघ समपूरक | २०८२।१२।१० | ४०००० | १०० | सडकको नाली निर्माण गरिरहेको कटिङ्ग गरी ग्रेड मिलाएको कुनै ठाउँमा | सूचारु रहेको सम्पन्न नभएको |

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडीटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ग्याविन राखेको। निर्माण सामग्री प्राविधिक स्टमेट बमोजिम प्रयोग गर्न सुझाव दिएको | |
| २ | मेलुङ ठाडे फोक्सिङ्टार भाङ्टार सडक | महाभारत – ४ | गा पा स्तरीय अधुरो योजनाहरु | २०८२।१० ।१० | ३३०० | १०० | फोक्सिङ्टार खोलामा राखेको कल्वर्टको बेसमा ढलान गरेको कल्वर्ट नजिकै पल्म वाल निर्माण गरेको बाटोको ग्रडिङ मिलाउन १ स्थानमा नयाँ ट्रयाक खनेको ग्याविन बगाएको मुख्य स्थानमा पल्मवाल निर्माण गरेको नाली निर्माण गरेको तथा मेसिनरी वाल निर्माण गरेको | योजना सम्पन्न भएको |
| ३ | अमलबास बेसीटोल सडक निर्माण | महाभारत – २ | | २०८२।१२ ।१० | ९०० | ९५ | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको नयाँ ट्राक निर्माण गरेको चट्टान रहेकोले काम पूरा नभएको मोडहरुमा केहि काम अपुग रहेको | योजना आंशिक रुपम सम्पन्न भएको |
| ४ | सोला भन्ज्याङ्ग सिम्ले रातमाटे सडक | महाभारत २ | | २०८२।१२ ।१० | ७०० | ९८ | २७८ मि नयाँ ट्रयाक निर्माण बाटो सरसफाइ गरेको | योजना सम्पन्न भएको |
| ५ | दिपक शहिद स्मृति पार्क तथा मूर्ती निर्माण | महाभारत २ | | २०८२।१२ ।१० | ९००० | १०० | रेलिङ राखेको धारा निर्माण गरेको पार्कको वरिपरि इटाको पर्खाल निर्माण गरेको टायल्सको काम गरेको फ्याल स्टोन तथा हार्ट आर्च बनाउने काम भएको पार्कमा पार्टिसन गरी बस्ने व्यवस्था गरेको | सूचारु रहेको सम्पन्न नभएको |
| ६ | कैचल मगरगाउँ सडक सोलिङ | महाभारत – १ | गा पा स्तरीय अधुरो योजनाहरु | २०८२।१२ ।१० | ६००० | १०० | सडक सोलिङ ३७४ मि सम्म सरदर २।२५ मि चौडा सोलिङ पूर्व सडक सतह मिलाएको | योजना सम्पन्न भएको |
| ७ | अमलबोट तिलबारी बर्सेगोठ बेतिनी चौतारा सडक | महाभारत – ६ | | २०८२।११ ।०७ | ८०० | १०० | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको १।५ को ४३ २ को १४ ग्याबिन निर्माण गरेको सोलिङ १०० मि २०० मि बाटोमा ग्रावेल गरेको अर्ध नाली निर्माण गरेको | योजना सम्पन्न भएको |
| ८ | चौतारा सुकौरा सडक | महाभारत – ६ | | २०८२।१२ ।०९ | ८०० | १०० | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको २ स्थानमा ग्वाबिन राखेको १ स्थानमा करिव २० मि रक कटिङ गरेको | योजना सम्पन्न भएको |
| ९ | बनखु स्वास्थ्यकी | महाभारत –६ | | २०८२।०९ ।२९ | ६५० | १०० | चालु आवमा ५ लाख मात्र बजेट विनियोजन भएको हुँदा उक्त रकमबाट | योजना सम्पन्न भएको |

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चौकी प्रिफ्याव भवन | | | | | | foundation, footing, को कार्य गर्न सकिने देखिन्छ । | |
| ० | निगाले ताराखसे राचेडाँडा स्याप्लेडाँडा सोक्तेल भन्ज्याङ टोके सडक स्तरोन्नती | महाभारत २ | शसर्त अनुदान | विभिन्न समयमा | ५००० | | प्रदेश सशर्त अनुदान अन्तर्गत निगाले ताराखसे राचेडाँडा स्याप्लेडाँडा सोक्तेलभन्ज्याङ टोक्केरोड स्तरोन्नति आयोजनाका लागि निगाले ताराखसे खण्डमा भ्रमण गरियो । उक्त खण्डमा sharp tuning र high gradient भएको हुँदा ठलो बस लगायत गाडिहरु चल्न सक्ने अवस्था देखिएन ।निगालेबाट ५०० मि माथि बाट track change, गरी बाँयातर्फ बाट करिब १२०० मि नयाँ ट्र्याक निकाल्दा अधिकांस sharp turning eliminate हुने अवस्था देखिन्छ । Bolero pickup जस्ता सानो गाडिहरु पनि सहज तरिकाले सञ्चालन हुने देखिदैन । नयाँ track र पुरानो track मिल्नै माथिल्लो घुम्तिबाट दुइवटा turning मा gradient र radius of curve मिलाउनुपर्ने देखिन्छ । | योजना सम्पन्न भएको |
| १ | ताराखसे लेख अमलवास टोकेदमार सडक निर्माण | महाभारत २ | संघ समपूरक | विभिन्न समयमा | १४००० | | संघीय समपूरक अनुदान अन्तर्गत ताराखसे लेख अमलवास टोकेदमार सडक निर्माणको लागि ताराखसे लेख (पोखरी) बाट निर्माण कार्य गर्ने गरी निरिक्षण गरियो । ताराखसे लेख थाम खण्डमा दुई स्थानमा केहि मिटर alignment change गर्नुपर्ने र roadway को width बढाउनुपर्ने देखिन्छ ।थाम देखि अगाडि high gradient भएको स्थानमा सोलिङ लगायत कार्य गर्नुपर्ने देखियो । | योजना सम्पन्न भएको |
| २ | . वेसिटोल सिंचाई आयोजना महाभारत २ | महाभारत २ | विशेष अनुदान | | २५०० | | गाउँपालिकाबाट आव २०८०।०८१ मा सम्भाव्यत अध्ययन D.P.R. भई ३ करोड लागत अनुमान रहेको, योजन कार्यान्वयनको लागि विभिन्न निकायमा प्रस्ताव गरिएकोमा चालु आवको प्रदेश सशर्त अनुदान अन्तर्गत २५ लाख बजेट विनियोजन भइआएको । | योजना सम्पन्न भएको |
| ३ | उद्याउने मारभन्ज्याङ लामिटार | महाभारत ७ | विशेष अनुदान | विभिन्न समयमा | ६९०० | | Scheme १: Kalikhola Besitole | योजना सम्पन्न भएको |

CS CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खानेपानी आयोजना | | | | | | | |
| ४ | उद्याउने मारभन्ज्याङ लामिटार खानेपानी आयोजना | महाभारत ७ | विशेष अनुदान | विभिन्न समयमा | ६९०० | | संघीय विशेष अनुदान अन्तर्गत बहुवर्षीय रुपमा कार्यान्वयन हुने गरी चालु आवमा रु ६९ लाख बजेट विनियोजन भइआएको छ । | योजना सम्पन्न भएको |
| ५ | टुनिबास बेतेनी बिसौनी सडक स्तरन्नती | महाभारत ७ / ५ | आन्तरिक स्रोत | २०८२।१२।२६ | १५२०० | | प्रदेश समपूरक अनुदान अन्तर्गत निर्माणाधिन यस आयोजनाको ७६० मि लम्बाइसम्म चौडाई विस्तार गर्ने कार्य सम्पन्न भएको पाइयो । त्यसै गरी २+५०० ३+१०० र ३+७०० मा Gabion wall को कार्य सम्पन्न भएको पाइयो । निर्माण भएको कार्य acceptable रहेको छ । | योजना सम्पन्न भएको |
| ६ | पाल्ले सिउरेनी सोला सडक स्तरोन्नती | महाभारत २ | | २०८२।११।१५ | १५०० | १०० | २९४ मि सोलिङ २ ठाउँमा ग्याविन निर्माण सम्पन्न भएको | योजना सम्पन्न भएको |
| ७ | झ्याङतेरछ्योई खोलिङ गुम्बा | महाभारत ५ | | २०८३।०१।१० | ५०० | १०० | गुम्बा निर्माणको लागि excavation गरेको पाइयो । | |
| ८ | चन्द्रोदय प्रा वि ग्याविन निर्माण | महाभारत १ | | २०८२।१२।२० | ७०० | १०० | ग्याविन निर्माण सम्पन्न भएको २५ मि ग्याविन ३ तहको राखेको झ्याल ढोका राखेको | |
| ९ | बुद्धमाने गुम्बा | महाभारत ३ | | २०८३।०२।१० | १००० | १०० | झ्याल ढोका राखेमो वाल पलाष्टर गरेको | |
| ० | साङ्गेछुइलिङ् गुम्बा निर्माण | महाभारत ३ | | २०८३।०३।०४ | १००० | १०० | वाल पलाष्टर तथा विधुत जडान गरेको झ्याल ढोकाको कार्य गरेको | |
| १ | ग्याछुइलिङ्ग गुम्बा निर्माण | महाभारत १ | | २०८२।१२।२२ | १००० | १०० | विधुतको कार्य वाल पलाष्टर तथा देउता राख्ने माथि ट्रस राखेको | |
| २ | ज्योति मा वि भवन निर्माण | महाभारत७ | विशेष अनुदान | विभिन्न समयमा | ५५०० | १०० | ४ कोठे भवन निर्माण गरेको | |

८. सकारात्मक पक्ष

- योजना समयमै सञ्चालन भएको।
- स्थानीय जनसहभागिता राम्रो रहेको।
- अभिलेख व्यवस्थापन सन्तोषजनक रहेको।
- सेवा प्रवाह प्रभावकारी रहेको।

९. समस्या तथा कमजोरी

CamScanner

- कार्य सम्पन्नतामा वार्षिक कार्ययोजन बमोजम केही ढिलाइ।
- कुनै कुनै आयोजाहरुमा प्राविधिक सुपरिवेक्षण अपर्याप्त।
- अभिलेख व्यवस्थापनमा सुधार आवश्यक।
- खरिद तथा भुक्तानी प्रक्रियामा केही कमजोरी।

१०. समितिको सुझाव तथा निर्देशन

| क.सं. | सुझाव/निर्देशन | जिम्मेवार पक्ष | समयसीमा |
|---|---|---|---|
| १ | कार्य निर्धारित समयभित्र सम्पन्न गर्ने | कार्यान्वयनकर्ता। कर्मचारीहरु। समितिहरु | १५ दिन |
| २ | अभिलेख अद्यावधिक गर्ने | सम्वन्धित कार्यालय। शाखा | ७ दिन |
| ३ | गुणस्तर सुधार गर्ने | उपभोक्ता समिति तथा ठेकेदार | तत्काल।निरन्तर |



११. निष्कर्ष

महाभारत गाउँपालिकाका विभिन्न वडाहरूमा सञ्चालित विकास निर्माण, सेवा प्रवाह र सामाजिक-आर्थिक कार्यक्रमहरूको स्थलगत अनुगमनका क्रममा योजना तथा कार्यक्रमको समग्र प्रगति मध्यम रहेको पाइयो। विभिन्न वडाका ६ वटा स्वास्थ्य संस्थाहरु तथा ८ वटा वडा काकर्यालयहरुमा समितिले दिएका सुझाव तथा निर्देशनहरू कार्यान्वयन गरीं कार्यलाई थप प्रभावकारी, पारदर्शी तथा नतिजामुखी बनाउन आवश्यक देखिन्छ।

पेश गर्नेः

दिनेश बस्नेत


अनुगमन फोटोहरु





CS CamScanner










महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैवीटार, काभ्रे
बागमती

CamScanner







महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काभ्रेपलाञ्चोक
प्रदेश नेपाल